अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या : १० मिति : २०८०।०३।२९

**भाग-१**

**अन्नपूर्ण गाउँपालिका**

## आर्थिक ऐन २०८०

**अन्नपुर्ण गाउँपालिकाको आ.व. २०८०।८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

सभाबाट पारित मिति : २०८०।०३।०८

**प्रस्तावना :–**

अन्नपुर्ण गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को अर्थसम्बन्धी प्रस्ताबलाई कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम अन्नपुर्ण गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :–**

(१) यस ऐन नाम “आर्थिक ऐन २०८०” रहेको छ।

(२) यो ऐन २०८० साल श्रावन १ गतेदेखि अन्नपुर्ण गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**१. सम्पति कर :–**गाउँपालिका क्षेत्रभित्र आवश्यक कानुन बनाई अनुसुची (१) मा तोकिए बमोजिम सम्पति र भुमि कर लगाउने।

**२. भूमी कर (मालपोत):**– गाउँपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिम भुमि कर (मालपोत) लगाउने र असुल उपर गरिने छ।

**३. घर बहाल कर :**– गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज,गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिमको घर जग्गा वहाल कर लगाई संकलन गरिनेछ।

**४. ब्यवसाय कर :**– गाउँपालिकाको क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अन्नपूर्ण गाउँपालिका उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी, २०७५ मा बर्गिकरण गरे अनुसार पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा अनुसुची (४) बमोजिको व्यवसाय कर लगाउनेछ।

**५. जडिबुटी, कवाडी र जीवजन्तु कर :**– गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको ब्यवसायिक कारोबार गरे वापत अनुसुचि (५) बमोजिमको कर लगाइने छ।

**६. सवारी साधन शुल्क :**– गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची (९) मा उल्लेख भए बमोजिम कर लगाइने छ। साथै गाँउपालिकाले आफैले निर्माण गरेको सडकको मर्मत सम्भारको लागि कार्यविधि तयार गरी सेवा उपभोग शुल्क लिइने छ। यस सम्बन्धमा प्रदेश कानुन स्वीकृत भई सो कानुनमा ब्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**७. विज्ञापन कर :**– गाउँ पालिका क्षेत्रभित्र हुने व्यवसायिक विज्ञापनहरुमा अनुसुचि (६) बमोजिम विज्ञापन कर लगाइने छ।

**८. मेला सन्चालन अनुमति शुल्क :**– गाउँपालिकाबाट मेला सञ्चालनको स्वीकृती एवं अनुमति लिइ गाउँपालिका क्षेत्रभित्र हुने व्यवसायिक तथा मनोरञ्जनात्मक प्रकृतिका कार्यक्रम, पर्व, मेला वा महोत्सवहरु वढीमा पाँच दिन सन्चालन गर्न पाईने र सञ्चालन गरे वापत अनुसुचि (७) बमोजिम मेला सन्चालन अनुमति शुल्क लिइने छ।

**९. वहाल विटौरी शुल्क :**– गाउँपालिका क्षेत्रभित्र आपूmले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट–बजार, पसल वा अन्य कुनै प्रकारको व्यवसायिक भवन प्रयोगमा ल्याईएकोमा प्रतिस्पर्धा ÷वार्ताको आधारमा हुन आउने अधिकतम रकम वहाल विटौरी कर लगाइने छ।

**१०. पार्किङ्ग शुल्क :**— गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसुचि (८) बमोजिम पार्किङ्ग शुल्क लगाइने छ।

**११. ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग, प्याराग्लाइडिङ लगायत यस्तै ,मनोरञ्जात्मक सुविधाहरु शुल्क :**— गाउँ पालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग,

बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा ब्यवसाय सञ्चालन गर्ने व्यवसायीहरु लाई सुचिकृत गरी शुल्क लगाइने छ।

**१२. सेवा शुल्क र दस्तुर :—** गाउँपालिकले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट अनुसूची (९) मा व्यवस्था भए अनुसार शुल्क लगाइने छ।

**१३. पर्यटन शुल्क :—** यस गाउँपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुलाई पर्यटन शुल्क लगाउन उपयुक्त हुने। TIMS तथा अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) बाट प्राप्त हुने आम्दानीको ५० प्रतिशत लिन आवश्यक व्यवस्था गरिने छ।

१४.गाँउपालिका क्षेत्र भित्र रहेका पर्यटकिय क्षेत्र, घोरेपानी, पुनहिल, तातोपानी कुण्ड, रातोपानी कुण्ड, सेकार्कु कुण्ड, खयर बराह, अन्ध गल्छी, महरे, ढाँड खर्क, छोटे पाहा, फुलबारी, बयेली लगायतका सम्भावित राजस्वका क्षेत्रहरुको पहिचान गरी प्रतिस्पर्धा/वार्ताको माध्यमबाट अनुसुची (१०) बमोजिम आन्तरिक आय संकलन गरिने छ।

१५. गाउपालिका क्षेत्र भित्र निर्माणाधिन जलविद्युत आयोजना र सञ्चालित क्रसरहरुले यसै क्षेत्र भित्रको प्राकृतिक स्रोत साधनहरुको उपयोग गरेको निर्माणको क्रममा स्थानिय वातावरणलाई प्रतिकुल प्रभाव परेकोले सोको संरक्षण र प्रवद्र्धनको लागि शुल्क लिइनेछ।

**१६. कर छुट :—** कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई प्रचलित कानुनले तोकेको कर छुट बाहेक अन्य अवस्थामा कर छुट दिइने छैन। तर अशक्त,अपाङ्ग, आर्थिक तथा विपन्न वर्गको सहायताको लागि गरिने सिफारिस, उपभोक्ता समिति, टोल सुधार समितिको लागि गरिने सिफारिस, विपदको लागि सहायता माग गर्दा गरिने सिफारिस, कृषि र पशु व्यवसाय सञ्चालनको सम्बन्धमा गरिने सिफारिसहरु निशुल्क गरिनेछ।

**१७. कर तथा शुल्क सङ्कलन सम्वन्धि कार्यविधि :—**

कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने।

**अनुसुची (१)**

**दफा (१) सँग सम्बन्धित**

**सम्पत्ति कर**

| **सि.न.** | **मुल्यांकन विवरण** | **प्रस्तावित करका दर** | **कैफियत** |
|---|---|---|---|
| | घर जग्गाको मुल्याङ्कन | | |
| १ | रु १० लाख सम्मको | रु २०० | बार्षिक |
| २ | रु १० लाख १ देखि रु २५ लाख सम्म | रु ५०० | बार्षिक |
| ३ | रु २५ लाख १ देखि ४० लाख सम्म | रु १,००० | बार्षिक |
| ४ | रु ४० लाख १ देखि ६० लाख सम्म | रु १,५०० | बार्षिक |
| ५ | रु ६० लाख १ देखि १ करोड सम्म | रु ५,००० | बार्षिक |

| | | | |
|---|---|---|---|
| ६ | रु १ करोड भन्दा माथि | रु १०,००० | बार्षिक |

सम्पति मुल्याङ्कन कर निर्धारण निम्नअनुसार हुनेछ।

| **सि न** | **मुल्यांकन विवरण** | **प्रस्तावित कर** | **कैफियत** |
|---|---|---|---|
| | जग्गाको निम्न मुल्याङ्कनमा | | |
| १ | रु १ देखि रु ५ लाख सम्मको | रु २०० | एकमुष्ठ |
| २ | रु ५ लाख १ देखि रु १० लाख सम्म | रु ५०० | एकमुष्ठ |
| ३ | रु १० लाख १ देखि रु २५ लाख सम्म | रु १००० | एकमुष्ठ |
| ४ | रु २५ लाख १ देखि रु ५० लाख सम्म | रु १५०० | एकमुष्ट |
| ४ | रु ५० लाख १ देखि १ करोड सम्म | रु २००० | एकमुष्ठ |
| ५ | रु १ करोड १ देखि माथी | रु ३००० | एकमुष्ठ |

**अनुसुची (२)**

**दफा (२) सँग सम्बन्धित**

५ रोपनी सम्मको न्युनतम रकम रु.५०। मात्र। सो भन्दा माथि प्रति रोपनी थप रकम रु.१५।– र चालु आ.ब.मा लाग्ने भूमीकर नबुझाएमा प्रत्येक बर्ष १० प्रतिशतका दरले जरीवाना थप हुनेछ।

सम्पति कर लगाएको अवस्थामा भुमि कर (मालपोत)लगाइने छैन।

**अनुसुची (३)**

**दफा (३) सँग सम्बन्धीत**

घर भाडा दर निर्धारण गरी हुन आउने रकमको १० प्रतिशत कर लाग्ने।

**अनुसुचि (४)**

**दफा (४) सँग सम्बन्धित**

क बर्ग –२०,०००।–

ख बर्ग– १०,०००।–

ग बर्ग – ५,०००।–

घ बर्ग – २,०००।–

ङ वर्ग- १,०००।-

एक पटक दर्ता र सुचिकृत भएका व्यापार, व्यवसाय नविकरण गर्दा तपशिल अनुसार राजस्व लिइने छ।

क वर्गको लागि रु- ३,०००।-

ख वर्गको लागि रु- १,५००।-

ग वर्गको लागि रु- १०००।-

घ वर्गको लागि रु- ५००।-

र ङ वर्गको लागि रु- ३००।-

नोट एक आ. व. वा सो भन्दा बढी समय नविकरण विलम्ब गर्नेलाई नविकरण दस्तुर सरहकै थप विलम्ब शुल्क लिइने छ।

गाँउपालिकामा सुचिकृत नभइ अन्यत्रबाट दैनिक रुपमा व्यापार, व्यवसाय गर्ने व्यापारीहरुलाई समेत गाँउपालिकामा सुचिकृत गरेर मात्र व्यवसाय गर्न अनुमति प्रदान गरिनेछ।

**अनुसुचि (५)**

**दफा (५) सँग सम्बन्धित**

- कवाडी कर प्रति पटक प्रति ट्राक्टर ट्रिप रु १,०००।
- कवाडी कर प्रति पटक प्रति ट्रिपर, ट्रक रु २,०००।
- जडिबुटी र जिवजन्तु फर्म दर्ता गरि जरिबुटी उत्पादन तथा निकासि गर्नेलाई तपसिल बमोजिम निकासि कर लगाईनेछ।
- तिते(चिराइतो), कुटकी र सतुवा प्रति के.जी रु २० लगाइने।
- कानुन बमोजिम फर्म वा उद्योग दर्ता गरि संचालनमा आएका खानी उद्योग संचालकबाट ढुंगा, कटीङ स्लेट निकासि गर्दा प्रति ट्रक रु ५,००० र प्रति ट्याकटर रु २,००० का दरले निकासि कर लगाईने।
- कुनै व्यक्तीको निजि जग्गामा स्लेट ढुंगा खानी भएमा, कानुन वमोजिम प्रकृया पुरा गरी:

  दर्ता अनुमति शुल्क रु १५,०००/-

  नविकरण रु ३,०००/-

**अनुसुचि (६)**

**दफा (७) सँग सम्बन्धित**

- स्थानीय स्तरको उत्पादन/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.१५ का दरले लिइने छ।
- राष्ट्रिय वा ठूलो उत्पादन/कार्यक्रमको विज्ञापनमा प्रति वर्गफिट रु.५० का दरले लिइने छ।

**अनुसुचि (७)**

**दफा (८) सँग सम्बन्धित**

प्रति मेला एकमुस्ट रु १५,००० लिइने छ। मनोरञ्जन कर सम्बन्धमा प्रदेश सरकारबाट अन्य व्यवस्था भएमा सोही बमोजिम हुने।

**अनुसुचि (८)**

**दफा (१०) सँग सम्बन्धित**

| सि नं | विवरण | प्रस्तावित करको दर | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल | रु ५ प्रति दिन | |
| २ | कार, जिप भ्यान | रु २० प्रति दिन | |
| ३ | अन्य ठुला सवारी साधन | रु ५० प्रति दिन | |

**अनुसूचि (९)**

**दफा (६) र (१२)संग सम्बन्धित**

| | | |
|---|---|---|
| १ | नागरिकता सिफारिस (पहिलो पटक) | २०० |
| २ | नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस | १००० |
| ३ | नागरिकताको प्रतिलिपि सिफारिस , दुइ नाम थर प्रमाणित सिफारिस , जन्म मिति प्रमाणित ,स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस ,घर जग्गा नामसरी सिफारिस,नाता प्रमाणित प्रमाण पत्र सिफारिस,फुकुवा सिफारिस, पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस हकवाला संरक्षण सिफारिस बिबाहित वा अविवाहित प्रमाणिकरण सिफारिस नक्कल प्रमाणित शुल्क , मिलापत्र दस्तुर | ३०० |
| ४ | विद्युत सिफारिस (थ्रिफेज) | १,००० |
| ५ | सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्र | २०० |
| ६ | व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति | ५०० |
| ७ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० |
| ८ | घर निर्माण अनुमति सिफारिस | |

| | | |
|---|---|---|
| क | आर.सि.सि. घर | १,००० |
| ख | कच्ची घर | ३०० |
| ९ | घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.) | १,००० |
| १० | घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर) | ३०० |
| ११ | नावालक परिचयपत्र सिफारिस, विभिन्न दलित, जनजाति तथा थर प्रमाणित, पारिवारिक विवरण प्रमाणित | २०० |
| १२ | क.परिक्षा आवेदन दस्तुरः<br>अधिकृत वा सो भन्दा माथिल्लो स्तर :<br>सहायक पाचौ स्तरः<br>सहायक चौथो स्तरः<br>श्रेणी विहिन र अन्य | <br>१०००<br>८००<br>६००<br>४०० |
| | ख. अभिलेखीकरण दस्तुर<br>अधिकृत/मा.वि/उमावि. :<br>ना.सु/नि.मा.वि.स्तर :<br>खरिदार/प्रा.वि सरह :<br>श्रेणी विहिन र अन्य सबै कर्मचारी | <br>१५००<br>१२००<br>१०००<br>५०० |
| १३ | खानेपानी सम्वन्धि सिफारिस, खानेपानी समिति/मुहान सम्बन्धी सिफारिस | २००/- |
| १४ | उद्योग  दर्ता सिफारिस, हाईड्रोपावर उद्योग दर्ता सिफारिस | १०,००० |
| १५ | निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस | २,००० |
| १६ | चारकिल्ला प्रमाणित, ग्रामीण क्षेत्रका घरबाटो सिफारिस, ब्यवसाय दर्ता सिफारिस,घर बाटो प्रमाणित,घर कायम र घर पातल  सिफारिस | ३०० |
| १७ | बजार क्षेत्रका घरबाटो सिफारिस,  मन्जुरीनामा प्रमाणित ,हकवाला वा हकदार प्रमाणित | ४०० |
| १८ | क)संस्था दर्ता/सुचिकृत सिफारिस | १,००० |
| १९ | ख)संस्था नबिकरण | ५०० |
| २० | आर्थिक अवस्था बलियो वा सम्पन्नता सिफारिस | ५०० |
| २१ | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस | ५०० |
| २२ | बार्षिक आय प्रमाणित | प्रति लाख रु १ सय |
| २३ | 'घ' वर्गको निर्माण व्यवसाय दर्ता | २५,०००/- |
| २४ | 'घ' वर्गको निर्माण व्यवसाय नविकरण | २५००/- |
| ढुवानीका साधन तथा सार्वजनिक यातायातका साधन समेतको हेवी इक्युप्मेन्टका साधनहरुको दर्ता, अनुमति र नविकरण करका दरहरु | | |

| | | | |
|---|---|---|---|
| | | स्थानीय सडक उपयोग सेवा शुल्क सुचिकृत | पटके |
| २५ | ट्याक्टर | १५०० | २०० |
| २६ | जिप /बलेरो | १५०० | २०० |
| २७ | ट्याक्सी | १००० | १०० |
| २८ | बस | २००० | २०० |
| २९ | ब्याकलोडर | २००० | २०० |
| ३० | ट्रक | ३५०० | ५०० |
| ३३ | ट्रीपर | १५०० | २०० |
| ३४ | एक्साभेटर | ५००० | ०.५% of Work |
| | | **अनुमति /सिफारिस** | **नविकरण** |
| ३५ | राष्ट्रिय गैसस संस्था अनुमति<br>१ सेवामुलक<br>२ नाफामुलक | <br>१,०००<br>५,००० | <br>३००<br>१,००० |
| ३६ | अन्तराष्ट्रिय गैसस संस्था अनुमति सिफारिस<br>१ सेवामुलक<br>२ नाफामुलक | <br>१,०००<br>५,००० | |
| ३७ | केबुल/ईन्टरनेट संचालन अनुमति र नविकरण | २०,००० | २,००० |
| ३८ | उपभोक्ता समिति / निजि क्षेत्रबाट संचालन १५ मेघावाट सम्म बिद्युत सिफारिस | १५,००० | |
| ३९ | उपभोक्ता समिति / निजि क्षेत्रबाट संचालन १५ देखी ५० मेघावट तलका बिद्युत सिफारिस | ५०,००० | – |
| ४० | उपभोक्ता समिति / निजि क्षेत्रबाट संचालन ५० मेघावट माथि बिद्युत सिफारिस | ७५००० | – |
| ४१ | चरन खर्क उपयोग दर्ता सिफारिस | ५०० | – |
| ४२ | स्थानीय रेडियो एफ.एम. सञ्चालन अनुमति/नबिकरण | २०,००० | १००० |
| ४३ | बचत तथा ऋण सहकारी नविकरण | - | सहकारी ऐन बमोजिम हुने |
| ४४ | बिषयगत सहकारी संस्था | १००० | २०० |

| | | | |
|---|---|---|---|
| ४५ | प्राकृतिक खानीजन्य बस्तुको बिक्रि तथा निकासी प्रति ट्रक/ ट्याक्टर (अनुमति प्राप्त भएकालाई मात्र) | २,००० | ५०० |
| ४६ | ढुंगा,गिट्टी,बालुवा,नुन,माटो,खरीढुंगा तथा स्लेट जस्ता खानीजन्य बस्तुको सर्भेक्षण,उत्खनन तथा उपयोग दर्ता अनुमति सिफारिस, नबिकरण | | २०,००० |
| ४७ | जनरल अस्पताल,नसिंड.होम,निदान केन्द्र,स्वास्थ्य संस्थाहरुको क्लिनिक , फार्मेसी | २०,००० | १,००० |
| ४८ | इन्टरनेट सेवा, केबुल संचालन वार्षिक शुल्क | ५,००० | |
| ४९ | कन्सुलर कागजात प्रमाणिकरण तथा तमशुक प्रमाणित | १५० | |
| ५० | माथि उल्लेखित बाहेकका किसिमका सिफारिस एवं प्रमाणित | २०० | |
| ५१ | बैक तथा वित्तीय संस्था सुचिकृत तथा नविकरण<br>बैक क बर्ग<br>बैक ख बर्ग<br>लघुवित्त तथा अन्य वित्तीय संस्था | <br><br>१०,०००<br>७,०००<br>५,००० | |
| ५२ | पुन हिलमा प्रवेश शुल्क | | नेपालीको लागि रु ५०<br>विदेशी पर्यटकको लागि रु १५० |
| ५२ | तातोपानी कुण्डमा प्रवेश शुल्क<br>क)भु. तातोपानी कुण्ड<br><br>ख.पाउद्धार कुण्ड<br><br>ग.रातोपानी कुण्ड | | <br>नेपालीको लागि रु ५०<br>विदेशीपर्यटकको लागि रु १५०<br>नेपाली-५०<br>विदेशी-१५०<br>नेपाली-३०<br>विदेशी-१५० |

नोट:

*१) गाउँपालिका क्षेत्र भन्दा बाहिरबाट मालसामान बिक्रि गर्न आउने सवारी साधनलाई ट्रक, लहरी अन्य हेवी गाडी बार्षिक रु २०,०००/- वा पटके शुल्क रु १५००/- र जिप, भ्यान, ट्याक्टर आदीलाई बार्षिक शुल्क बापत रु १०,०००/- वा पटके शुल्क रु ६०० /-*

*२) तातोपानी कुण्डहरुमा औषधी उपचारको लागि आउने व्यक्तीहरुलाई प्याकेजमा व्यवस्था गर्न सकिनेछ। त्यसमा १ हप्ता देखि १० दिनसम्म रु ४००/- र १० देखि १५ दिनसम्मको प्याकेजमा रु ६००/- एकमुस्ट लिन सकिनेछ।*

**व्यक्तिगत घटना तर्फ**

| **सि न** | **विवरण** | **प्रस्तावित दर** | **कैफियत** |
|---|---|---|---|
| १ | जन्म दर्ता | २०० | |
| २ | मृत्यु दर्ता | २०० | |
| ३ | बिबाह दर्ता | २०० | |
| ४ | बसाइसराइ दर्ता | २०० | आएको र गएको |
| ५ | सम्बन्ध बिच्छेद | २०० | |
| ६ | प्रतिलिपी सबै घटनाको | ५०० | |

नोटः ब्यक्तिगत घटना घटेको ३५ दिनभित्र दर्ता हुन आएमा निशुल्क र त्यसपछि जतिसुकै दिन भए पनि रु २००।

**नक्सा पास दस्तुरः**

| सि. न | विवरण | प्रस्तावित कर | कैफियत |
|---|---|---|---|
| आर सि सि घर | | | नक्सा अनिवार्य पेश गर्नु पर्ने |
| १ | भुइ तला र पहिलो तलामा प्रति वर्ग फिट | रु ४ | |
| २ | दोस्रो र तेस्रो तलामा प्रति वर्ग फिट | रु ५ | |
| ३ | तेस्रो तला भन्दा माथि प्रति वर्ग फिट | रु ६ | |
| ४ | कच्ची घर (अस्थायी निर्माण इजाजत पत्र अनिवार्य लिनु पर्ने ) | रु २५० | |
| अस्थायी छाप्रो | | | |

| | | | |
|---|---|---|---|
| ५ | ५०० वर्ग फिट सम्मको | रु ८०० | एकमुष्ठ |
| ६ | ५०० वर्ग फिट भन्दा माथि | रु १.५० को दरले | |
| ७ | पर्खालको प्रति वर्ग फिट | रु ०.३ को दरले | |
| ८ | नक्सा पास निवेदन | | |
| | - अस्थायी छाप्रो | रु १०० | |
| | - कच्ची घर | रु २०० | |
| | - आर सि सि | रु ३०० | |
| ९ | -नक्सा नियमित (अभिलेखिकरण) प्रति वर्ग फिट | रु २ | |

*नोटः नक्सा पास फाराम शुल्क रु ५०० लाग्ने छ।*

**अनुसूची (१०)**

**दफा (१४)सँग सम्बन्धित**

**आय ठेक्का सम्बन्धमा**

| सि.न. | विवरण | स्थान | आ.ब. ०८०।८१ मा कायम गर्न सिफारिस गर्नुपर्ने न्युनतम आय ठेक्का अंक |
|---|---|---|---|
| १ | पुनहिलमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. ६ पुनहिल | ४५ लाख |
| २ | तातोपानी कुण्डमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. २ भुरुङ तातोपानी | ४५ लाख |
| ३ | रातोपानी कुण्डमा प्रवेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. ६ पोखेरेवगर रातोपानी | ३ लाख |
| ४ | पाउद्धार कुण्डमा प्रवेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. ५ पाउद्धार | ८ लाख |
| ५ | सेकार्कु तातोपानी कुण्ड | अन्नपूर्ण गा.पा. १ दोवा | पचास हजार |
| ६ | ढूँगा, गिटी, बालुवा संकलन तथा बिक्री वितरण | गाउँपालिका क्षेत्रभर | IEE प्रतिवेदन अनुसार |
| ७ | पुङ्दी खोलाको मुलको पानी उपयोग गरेबापद | अन्नपूर्ण गा.पा. ८ राम्चे | २ लाख |

*द्रष्टव्यः  सि नं  ७ को हकमा आव ०७५/०७६, ०७६/०७७ आ। व ०७७/०७८ मा ५ लाख उल्लेखित भएता पनि प्रत्येक बर्ष २ लाख र आव ०७८/०७९ र ०७९/८० को  पनि रु।२ लाख का दरले लिने।*

खोप्रा, महरे, लगायतका स्थानहरुमा सञ्चालित होटलहरुबाट प्रति होटल रु ३०,००० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ।

ढाडखर्क, वयेली लगायतका स्थानहरुमा सञ्चालित होटलहरुबाट प्रति होटल रु २०,००० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ।

छोटेपाहा, हुमखोला, नागि सामुदायिक लज, लगायतका स्थानहरुमा सञ्चालित होटलहरुबाट प्रति होटल रु १०,००० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ।

रुप्से क्षेत्रमा सञ्चालित होटलहरुबाट प्रति होटल रु ६,००० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ।

महभरि, टिकोट सामुदायिक, फुलवारी  स्थानहरुमा सञ्चालित होटलहरुबाट प्रति होटल रु ३,००० का दरले बार्षिक ब्यवसाय कर लिइनेछ।

तर दर्ता नभएका व्यवसायको हकमा आ।व ०८०/०८१ मा व्यवसाय दर्ता ऐन बमोजिम दर्ता गराई दर्ता नविकरण शुल्क लिईने र सरकारी, सार्वजनिक जग्गामा भएको होटल व्यवसायहरुको वहाल हकमा विटौरी कर देहाय बमोजिम हुने गरि असुल गर्ने।

**देहायः**

- खोप्रा, महरे   क्षेत्र  मासिक रु ३,०००/
- तातोपानी क्षेत्र मासिक रु २,५००/
- ढाडखर्क,  वयेली, छोटे पाहा, हुमखोला क्षेत्र  मासिक रु २,०००/
- फुलबारी , टिकोट सामुदायीक लज, नागि सामुदायीक लज, रुप्से, महभिर क्षेत्र मासिक रु १,०००/

नोटः सार्वजनीक स्थानमा नयाँ संरचना निर्माण गर्नु परेका सम्बन्धित वडा कार्यालयबाट समन्वय तथा स्वीकृती लिएर मात्र गर्नुपर्ने।

यसका साथै उल्लेखित कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाइ कुनै किसिमको कर छुट बुदाँ नं ७ बाहेक दिन नहुने तथा अन्य कर तथा शुल्क संकलन सम्बन्धि निश्चित ऐन–नियम,कार्यविधि तथा कानूनी प्रकृया पुरा गरी गाउँपालिकाले तोकेबमोजिम निर्धारण गरी लागू गरिने छ।

माथि उल्लेखित सेवा–शुल्क,दस्तुर तथा कर मार्फत आर्थिक वर्ष २०८०/०८१ को आन्तरिक राजश्व तथा अनुदान प्राप्तीको अनुमानित विवरण तपशिल अनुसार हुने।

| शिर्षक | आ.व.२०८०/८१ |
|---|---|
| आन्तरिक राजश्व | |

| | |
|---|---|
| सम्पत्ती कर | ३००००० |
| घर बहाल कर | ३००००० |
| दस्तुर(स्थानीय तहबाट हुने सिफारिस लगायतका) | १५००००० |
| बिज्ञापन शुल्क | १०००० |
| ब्यवसाय दर्ता एवं नविकरण | १५०००० |
| भूमिकर(मालपोत) | ६००००० |
| दण्ड जरिवाना | ५००० |
| मेला सन्चालन अनुमति शुल्क | १००००० |
| बहाल बिटौरी कर | ३००००० |
| ढुँगा गिटी बालुवा दहत्तर बहत्तर संकलन | १०००००० |
| पर्यटकीय क्षेत्र घोरेपानी, पुनहिल, तातोपानी कुण्ड, रातोपानी कुण्ड,सेकार्कु कुण्ड, पाउद्वार तातोपानी कुण्ड खयर बराह, अन्ध गल्छी, महरे, महभिर, रुप्से, फुलबारी, नागी, टिकोट, ढाँड खर्क, बयेली लगायतका सम्भावित क्षेत्रबाट राजस्वको संकलन | १०१००००० |
| पुङ्दीखोला को पानी उपयोग वापत शुल्क | २००००० |
| घर जग्गा रजिष्ट्रेसन दस्तुर | १४५००० |
| कुल जम्मा | १,४७,१०,०००।<br>एक करोड सत्चालिस लाख दस हजार मात्र। |

*नोटः– राजश्वका शिर्षकहरु नेपाल सरकारले तोक बमोजिम हुने र स्थानीय तहका राजश्व शिर्षकहरु नतोकिए सम्म यसै बमोजिम हुने।*

प्रमाणिकरण मिति : २०८०।०३।१०

राजपत्रमा प्रकाशित मिति : २०८०।०३।२९

आज्ञाले

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत